फागुन २, २०६३

## अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीद्वारा
## सौराहा, चितवनमा पत्रकारहरुसमक्ष दिइएको बक्तव्य

गैंडाको चोरीशिकारी सम्बन्धि गम्भीर समस्याको बारेमा जानकारी लिन म यहाँ चितवनमा आएको छु। नेपालमा गैंडाको संख्या चिन्ताजनक रुपले घटिरहेको छ र यसो हुनुमा चोरीशिकारी जस्तो आपराधिक कार्य प्रमुख कारण रहेको छ।

विगत पाँच वर्षमा मात्रै चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रबाट १०६ गैंडा मारिएका छन्। चोरीशिकारीबाट बचाएर यस प्राणीको अस्तित्वको रक्षा गर्न नेपाल तथा विश्व समुदायले मिलेर पहल गर्नु जरुरी छ।

गैंडा संरक्षणका क्षेत्रमा पहिलादेखिनै सहयोग पुऱ्याउँदै आएका गैरसरकारी संस्थाहरु चोरीशिकारी रोक्ने नेपालको प्रयासमा साथ दिन छोटो अवधिका केही कार्यक्रमहरु लिएर प्रस्तुत भएका छन्। सरकारले पनि सुरक्षा चौकीहरुको पुनर्स्थापना गरेको छ तथा गस्ती बढाएको छ। यो स्वागतयोग्य छ, तर पर्याप्त छैन। मैले अमेरिकी सरकारसमक्ष पनि यो कुरा राखेको छु। हामी गैंडाको संरक्षणका लागि नेपाललाई के सहयोग गर्न सकिन्छ भन्ने कुरामा विचार गर्दैछौं।

यस अद्‌भुत प्राणीको रक्षा र पालनपोषण गर्ने काममा हामी सबै मिलेर लागिपऱ्यौं भने नेपालको आगामी पींढी मात्र होइन, ठूलो संख्यामा आउने वातावरणप्रेमी पर्यटकहरु पनि नेपालप्रति तथा यसका विदेशी सहयोगीहरुप्रति आभारी हुनेछन्।